मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

'द भ्वाइस अफ नेपाल ३'को उपाधि विजेता किरणले भने–
**'जितेको रकममध्ये एक हजार आमालाई':** पृष्ठ ३मा



◆ वर्ष : २६ ◆ अङ्क : २५२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ साउन २५ गते सोमवार (Monday, August 9. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/– भारतमा भारु : ४/–

## सरकारको प्राथमिकता: सीमा विवाद समाधान



**झापा, साउन २४।** सत्तारुढ गठबन्धनको कार्यदलले सरकार सञ्चालनका लागि तयार गरेको न्यूनतम् साझा कार्यक्रम र कार्यविधि सार्वजनिक गरेको छ ।

संयुक्त सरकारको साझा न्यूनतम् कार्यक्रम मार्फत सरकारले लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितका विवादित सीमा क्षेत्रको समाधान कुटनीतिक माध्यमबाट गर्ने घोषणा गरेको हो ।

'लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायतका छिमेकी मुलुकहरूसँगको समाधान हुन बाँकी सीमा समस्याहरु कूटनीतिक माध्यममार्फत समाधान गर्ने, सीमा क्षेत्रमा सुरक्षाका लागि सीमा चौकी बीओपीहरु वृद्धि गर्ने'- कार्यक्रममा भनिएको छ ।

सरकारले ओली सरकारको चुरेको गिट्टी बालुवा निर्यात गर्ने योजनालाई रोक लगाउने घोषणा गरेको छ । चालू आर्थिक वर्षको बजेट अध्यादेशमार्फत तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले व्यापार घाटा नियन्त्रणका लागि ढुंगा, गिट्टी, बालुवा निर्यात गर्ने र त्यसको ढुवानीका लागि खानी क्षेत्रबाट सीमा क्षेत्रसम्म केवलकारको निर्माण गर्ने घोषणा गरेका थिए ।

संयुक्त सरकारको साझा न्यूनतम् कार्यक्रममा यसलाई रोक लगाउने घोषणा गरिएको छ । 'पर्यावरणमा समस्या उत्पन्न हुने गरी मुनाफाका लागि प्राकृतिक स्रोत साधनको दोहन हुन नदिने'- अगाडि भनिएको छ- 'चुरे क्षेत्रको उत्खनन गरी ढुंगा, गिट्टी, बालुवा निर्यात गर्ने कार्यलाई रोक लगाउने । जनताको पर्यावरणीय अधिकार तथा जैविक विविधता संरक्षण गर्न ठोस् कदम चाल्ने ।'

त्यस्तै ठूला नदीहरूको बहुउद्देश्यीय प्रयोग र एकीकृत विकासको नीति लागू गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) को आधारमा कार्यान्वयन गर्नेसमेत साझा कार्यक्रममा भनिएको छ ।

विश्वमा तीव्र गतिले बढिरहेको औद्योगिकरण, जैविक, रासायनिक तथा आणविक हतियारको होड र त्यसबाट उत्पन्न

*(बाँकी अन्तिम पृष्ठमा)*

# इन्टरपोलबाट बच्न दोहोरो नागरिकता

**पार्थ मण्डल**

**झापा, साउन २४।** इन्टरपोलको रेड सूचीमा रहेका झापाका एक व्यक्तिले दोहोरो नेपाली नागरिकता बनाएको खुलेको छ ।

दोहोरो नागरिकता बनाएको आरोपमा पक्राउ परेका ती व्यक्तिलाई झापा जिल्ला अदालतले १५ हजार जरिवाना र नागरिकता प्रमाणपत्र रद्द गर्ने अधिकार जिल्ला प्रशासन कार्यालय झापालाई दिने गरी असार ३० गते फैसला सुनाएको थियो ।

**घटनाक्रम**

- २०५० सालमा पहिलो नागरिकता बनाएको
- २०६२ सालमा वैदेशिक रोजगारीका लागि अन्य देश हुँदै दुबई गएको
- २०६६ सालमा दुबईबाट स्वदेश फिर्ता
- २०६७ सालमा दुबई सरकारले इन्टरपोलको रेड सूचीमा नाम राख्यो
- २०६८ सालमा दोस्रो नागरिकता बनाएको
- २०७५ सालमा दोहोरो नेपाली नागरिकता बनाएको खुलासा
- २०७६ सालमा प्रहरीद्वारा पक्राउ
- २०७८ सालमा अदालतले सुनायो फैसला
- हाल प्रशासन कार्यालयद्वारा नागरिकता रद्द गर्न बाँकी

**यस्तो थियो घटना :**

दमक नगरपालिका-१ निवासी ४४ वर्षीय हेमचन्द्र नाम्चूले वंशजको आधारमा २०५० साल मंसीर २७ गते जिल्ला प्रशासन कार्यालय झापाबाट २३१११२३ नम्बरको नेपाली नागरिकता लिएका थिए । साबिक गरामनी गाविस-९ हाल बिर्तामोड नगरपालिका-१० निवासी करणसिंह बस्नेतले २०६८ साल कात्तिक २० गते प्रशासन कार्यालय झापाबाट ०४१०४१-१९३६ वंशजको आधारमा नागरिकता लिएका थिए । प्रशासन कार्यालयबाट नागरिकता लिएको नाम्चू र बस्नेत एउटै व्यक्ति हुन् । प्रशासन कार्यालयलाई समेत जानकारी नगराई उनले आफ्नो बचाउका लागि दोहोरो नागरिकता लिएका थिए । उनले दोहोरो नागरिकता लिएको विषयमा विगत लामो समयसम्म कसैले सुइँको समेत पाएनन् ।

दमक नगरपालिका र कमल गाउँपालिकामा चीन सरकारको लगानीमा बन्ने 'चाइना-नेपाल फ्रेन्डसिप




इण्डस्ट्रियल पार्क' (औद्योगिक पार्क)का लागि २०७५ पुसमा अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरणको प्रक्रिया शुरु भयो । पार्कलाई चाहिने ४ सय ११ बिगाह जग्गाको मुआब्जा सरकारी दररेट भन्दा झण्डै तीन गुणा कम कायम गरिएपछि करणसिंह बस्नेतले पीडित जग्गाधनीहरुसँग मिलेर संघर्ष समिति गठन गरी आन्दोलन चर्काउन खोजेका थिए । संघर्ष समितिका सचिव बस्नेत थिए । बस्नेतले आन्दोलन चर्काउन खोजेपछि औद्योगिक पार्क जसरी पनि स्थापना हुनुपर्छ भन्ने पक्षमा रहेका व्यक्तिहरूले उनको कमीकमजोरी खोतल्न थाले । बस्नेतको कमीकमजोरी खोज्दै जाँदा उनले दोहोरो नेपाली नागरिकता लिएको प्रमाण फेला पर्‍यो ।

दुवै नागरिकताको प्रतिलिपि लिएर दमकका बुद्धिमान थापा लगायतका समूहले इलाका प्रहरी कार्यालय दमकमा मौखिक उजुरी दिएको त्यसबेला इप्रकामा कार्यरत एक प्रहरी कर्मचारीले जानकारी दिए । प्रमाणसहित मौखिक उजुरी परेपछि इलाका प्रहरी कार्यालय दमकले जिल्ला प्रशासन कार्यालय झापामा समेत घटनाको विषयमा छानबिन गर्दा दोहोरो नागरिकता लिएको घटना सत्य भएको प्रमाणित भयो । प्रहरी प्रतिवेदनको आधारमा २०७६ साल जेठ ९ गते झापा जिल्ला अदालतबाट बस्नेतको नाममा पक्राउ पुर्जी जारी भएको थियो । त्यसपछि प्रहरीले बस्नेतको खोजी कार्य शुरु गर्‍यो ।

जग्गा मुआब्जाको विषयमा संघर्ष समितिले पत्रकार सम्मेलन गर्न खोजिरहेको र त्यस सम्मेलनमा बस्नेत पनि आउने जानकारी प्रहरीमा पुगेपछि उनलाई त्यही दिन प्रहरीले पक्राउ गरेको थियो । प्रहरीले पक्राउ परेका उनलाई २०७७ भदौ २४ गते झापा अदालतबाट म्याद थप गरी इलाका प्रहरी कार्यालयमा राखेर अनुसन्धान शुरु गर्‍यो । त्यसपछि प्रहरीले बयान र प्रमाणको आधारमा मुद्दा अघि बढायो । प्रहरीले उनीमाथि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ३को दफा ३२ अन्तरगत मुद्दा दायर गरेको थियो । सरकारी वकिल कार्यालयबाट अदालतमा मुद्दाको फाइल पुगेपछि जिल्ला न्यायाधीशले २०७६ भदौ २० गते उनको नाममा धरौटी तोकेर थुनछेकको आदेश जारी गर्‍यो । अदालतमा उनले दोहोरो नागरिकता लिएको कारणसहित बयान दिएको थियो ।

त्यसपछि अदालतले कसुरको मात्रा प्रकृति एवम् स्वरूप समेत हेर्दा प्रतिवादीलाई थुनामा नै राख्न पर्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४को दफा ६७ को अवस्था विद्यमान रहेको नदेखिई सोही संहिताका दफा ६८को अवस्था विद्यमान रहेको देखिन आयो । तसर्थपछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाल प्रतिवादीलाई संहिताको दफा ७२ समेतका आधारमा सोही संहिताको दफा ६८ (१) बमोजिम १ लाख ६० हजार नगद वा सो बराबरको जेथा जमानत दिए लिई सोही संहिताको दफा ७४ बमोजिम कागज गराई तारेखमा राख्नु र सो दिन नसकेमा थुनुवा पुर्जी दिई थुनामा राख्न झापा कारागार पठाइदिन भनी आदेश जारी गरेको थियो । अदालतको सोही आदेश बमोजिम बस्नेत त्यही बेला १ लाख ६० हजार धरौटी रकम बुझाएर तारेखमा रिहा भएका थिए ।

**इन्टरपोलको रेड सूचीबाट बच्न दोहोरो नागरिकता**

आफूलाई बस्नेत बताउने हेमचन्द्र नाम्चूको नाममा नागरिकता निकालेपछि उनले सोही नामबाट ३२७५७८३ नम्बरको राहदानी बनाएका थिए । उनले प्रशासन कार्यालय झापाबाटै राहदानी निकालेका थिए । त्यसपछि उनी वैदेशिक रोजगारीका लागि अन्य देश हुँदै संयुक्त अरब इमिरेट्स दुबई पुगेका थिए । दुबईमा पुग्दा उनको पासपोर्टको म्याद सकिएको थियो । त्यसपछि उनले सन् २००६ नोभेम्बर ३०मा दुबईको अबुदावीस्थित नेपाली राजदूतावासबाट पासपोर्टको नवीकरण गराएका थिए । दुबईमा हुँदा उनले विभिन्न व्यक्तिलाई ठग्न शुरु गरे । ठगी गर्ने क्रममा उनले विभिन्न व्यक्तिसँग रकम लिएर त्यहींका बैङ्कको चेक दिएका थिए । ठगी धेरै भएपछि उनी सन् २००९मा नेपाल फर्किए । नेपाल फर्किए लगत्तै उनले धरानकी युवतीसँग मागी विवाह गरे । उनको विवाह दर्ताको प्रमाणपत्रमा हेमचन्द्र नाम्चू उल्लेख छ ।

उता दुबईमा हुँदा विभिन्न व्यक्तिको लाखौं रकम ठगी

*(बाँकी अन्तिम पृष्ठमा)*

# सर्प संरक्षण र उद्धारमा दुई झापाली



**बिनोद पाण्डे**

**चारपाने, साउन २४।** झापा अर्जुनधारा-५, चारपानेका श्याम प्रधान र अर्जुनधारा-११का वीरेन्द्र तिवारी सर्प उद्धार गर्ने व्यक्तिको रुपमा झापामा परिचित हुँदै गएका छन् । प्रधान विगत ४ बर्ष र तिवारी २ बर्षदेखि सर्प समात्ने कार्यमा निरन्तर लागीरहेका छन् । उनीहरुले अहिले सम्म सयौं सर्प समातिसकेका छन् ।

प्राकृतिक स्थल, खोला, खेत जंगल लगायतका स्थानमा रहेको सर्प भने उनीहरु समाउँदैनन् । उनीहरुले मानव बस्ती, घरहरुमा देखिएका सर्प मात्र समाउने गरेका छन् । सर्प समाउनको लागि जिल्लाको विभिन्न ठाउँबाट फोन आउने वित्तिकै उनीहरु रात-साँझ नभनी सर्प समाउन पुग्ने गर्छन् ।

सर्पले मानव जातिकै हित गर्छ तरत्यही सर्पलाई मानव-सर्पको द्वन्द्व ठानेर मार्ने काम भइरहेको छ । त्यस्ता निर्दोष सर्पहरुलाई मर्नबाट बचाउन र मानव सर्पबीचको सकारात्मक सम्बन्ध उजागर गराउन, सर्पको जीवन बचाउने पुण्य र समाजसेवाको काम गर्दै आएको भनेर उनीहरुले गरेको कामप्रति सर्वसाधारणहरुले प्रशंसा गर्ने गरेका छन् ।

सर्प संरक्षण गर्ने कामको लागि उनीहरु कुनै निकायबाट परिचालित भएका भने होइनन् । उनीहरुले आफ्नै श्रोत साधन प्रयोग गरेर काम गर्दै आएका छन् । जुन काम सरकारी पक्षबाट गरिनुपर्थ्यो । यी दुई व्यक्तिले स्वतःस्फूर्त गरेको कामले सरकारलाई सर्प संरक्षणमा ध्यान दिन र योजना बनाउन सुझाव भने दिइरहेको छ ।

'सर्प भन्ने वित्तिकै धेरैलाई डर लाग्छ, आफ्नो दुश्मन ठानेर सर्प मार्ने गरिएको छ । अहिले पनि धेरै ठाउँमा सर्प मार्ने काम भइरहेको छ । यस्तो कार्य गरिनु डर र अज्ञानताको कारणले हो'- भन्छन् सर्प संरक्षक प्रधान । वातावरणविद्का अनुसार विग्रदो वातावरणलाई जोगाउन सर्पको ठूलो भूमिका रहन्छ । सर्प भन्ने वित्तिकै सबै विषालु हुँदैनन् । ४ प्रतिशत विषालु सर्पले मात्रै मानिस र अन्य जन्तुलाई डस्ने गर्छ । त्यसमध्ये पनि ९७ प्रतिशत विषालु सर्पले मात्रै टोक्ने गरेको तथ्यांक रहेको छ ।

सर्पलाई संरक्षण गर्न सकियो भने मानव सभ्यतालाई नै फाइदा पुर्‍याउँछ । विषालु सर्पहरूको विष एण्टी स्नेक भेनम, मर्फिनभन्दा पनि प्रभावकारी पेन किलर हो । यो ब्रेस्ट क्यान्सर लगायतको रोगको लागि सञ्जीवनी बुटी जतिकै उपयोगी रहेको विज्ञहरुले बताएका छन् ।

'सर्प बसोबास गर्ने क्षेत्रमा २७ प्रतिशतसम्म किराफट्यांग्रा नष्ट हुनाले यसले बाली-नालीमा किराको प्रकोप कम गर्छ, खेतमा मुसा लाग्न दिँदैन, यस कारण सर्प मार्नु पर्यावरण र मानवको लागि हानिकारिक हो । त्यसैले सर्प नमारौं, सर्प हाम्रो शत्रु होइन, बरु हामी चाहिँ सर्पको शत्रु बन्ने हुँदा सर्पले आफू बाँच्नको लागि डस्ने'- गरेको सर्प संरक्षक प्रधानको भनाइ छ ।

शनिबार प्रधानको घरमा ५ वटा गोमन एउटा २० फिट लामो बच्चा अजिंगर संरक्षण गरेर राखिएको थियो । शनिबारै उक्त सर्प र अजिङ्गरलाई स्थानीय एक जंगलमा लगेर छाडिएको छ ।




# भूमि आयोगप्रति भूमिहीनहरु आक्रोशित




**उमानाथ भण्डारी**

**कमल, साउन २४।** भूमि सम्बन्धी समस्या समाधान आयोग खारेज गर्ने नेपाल सरकारको निर्णयले जग्गा धनीपूर्जा पाउने आशामा बसेका किसान सरकारको निर्णयबाट आक्रोशित भएका छन् ।

केपी ओली सरकारले गठन गरेको भूमि सम्बन्धी समस्या समाधान आयोगले अव्यवस्थित तथा सुकुम्वासीलाई जग्गाधनी पूर्जा वितरणको अन्तिम तयारी गरिरहेका बेला देउवा सरकारले अचानक आयोग खारेज गरेपछि भूमिहीन किसान आक्रोशित भएका हुन् । सरकारको उक्त निर्णयले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासको कारण जोखिमपूर्ण जीवन बिताउन बाध्य समुदायप्रति नेपाल सरकारको निर्णयले किसानको मनमा ठेस पुगेको उनीहरु बताउँछन् ।

भूमि, नागरिकको खाना, आवास र स्वतन्त्रता जस्ता मौलिक अधिकार प्राप्त गर्ने सुनिश्चिततासँगै देशको समग्र आर्थिक तथा सामाजिक विकासका लागि लामो समयदेखिको भूमिसम्बन्धी समस्या निरुपण आवश्यक थियो । भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने, मुक्त कमैया, कमलरी, हरुवा र चरुवा हलिया, भूमिहीन, सुकुम्वासी पहिचान गरी बसोवासका लागि घर र घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

तर त्यही आयोग शेरबहादुर देउवा सरकारले खारेजी गर्दा देशमा लाखौं भूमिहीन किसान जोतभोगको आधारमा धनीपूर्जा पाउने र जमिन नभएर बसोवासमा समस्या भएका नागरिक धनीपुर्जा नपाउने चिन्ताले पिरोलिएका छन् ।

आफूले जोतभोग गर्दै आएको जग्गाको सबै नापजाँच सकिएको थियो । अब त धनीपूर्जा पाइएला र ढुक्क होला भनेर खुशी थियौं, अचानक सरकार परिवर्तन भयो जग्गाधनी पूर्जा नपाउने चिन्ताले दु:खका दिन शुरु भएको कमल-५की नन्दकुमारी राई बताउँछिन् ।

कमल गाउँपलिका-५ टुक्रेमा मात्र तीन सयभन्दा बढी घरधुरी अव्यवस्थित रुपमा बसोवास गरिरहेका छन् । करिब ४० वर्षदेखि यो स्थानमा बस्ती बस्न शुरु भए पनि यहाँका जनताले अझैसम्म धनीपूर्जा पाउन सकेका छैनन् । यसै स्थानमा २०५१ सालमा स्थापना भएर २०५५ सालमा स्वीकृत भएको शहीद रत्न आधारभूत विद्यालयले समेत आफ्नो नाममा धनीपुर्जा नहुँदा समस्या भोग्नु परेको प्रधानाध्यापक सन्त चोङ्बाङले बताए ।

आयोग गठन भयो अब धनीपुर्जा पाइएला भनेर ठूलो आशमा बसेका थियौं, वर्षौंदेखिको हाम्रो समस्या अब हट्ने भयो भन्ने थियो तथा सरकार परिवर्तन हुना साथ आयोग खारेज भयो, हाम्रो समस्या जस्ताको तस्तै रह्यो- स्थानीय होमप्रसाद न्यौपानेले बताए । हाम्रो धनीपुर्जा सम्बन्धीको एक तिहाई भन्दा बढी काम सम्पन्न भएको थियो, अगाडिको काम जहाँ पुगेको छ, त्यहीबाट शुरु गर्नुपर्छ- कमल-५का दीपक गौतमले भने ।

धनीपुर्जा नभएका कारण यहाँका जनतालाई बैंक तथा वित्तीय संस्थादेखि अन्य काम गर्न समेत समस्या छ । आयोग गठनले भूमिहीन जनतामा धनीपुर्जा पाउने आशामा थिए तर आयोग विघटन भयो । त्यसैले तुरुन्त आयोग पुनगर्ठन गरी काम शुरु गर्नुपर्ने कमल गाउँपालिका-५ नम्वर वडाध्यक्ष डम्वरबहादुर निरौला बताउँछन् ।

आयोग खारेजीको विरोधमा अखिल नेपाल किसान महासंघको अगुवाईमा १ नम्वर प्रदेशभरिका १ सय ३३ स्थानीय तहले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र समेत बुझाइसकेका छन् । मुलुकभर भूमिहीन जनताले १ नम्वर प्रदेशबाट २ लाख ६ हजार ५४ जनाले फारम भरिसकेको र त्यो काम अन्तिम चरणमा पुगेको अखिल नेपाल किसान महासंघका केन्द्रीय उपाध्यक्ष बेनु शिवाकोटीले बताए ।

# अदुवा निकासी ओरालो

**लक्ष्मी उप्रेती**

**मेचीनगर, साउन २४।** चारवर्ष यता पूर्वी नाकाबाट हुने अदुवा निकासी ओरालो लाग्दै आएको छ । विभिन्न अवरोधका कारण पटक-पटक निकासी ठप्प हुँदा व्यवसायीहरु ठूलो आर्थिक मार खेप्न पनि बाध्य छन् ।

क्वारेन्टिन कार्यालय काँकरभिट्टाको तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०७७/०७८मा काँकरभिट्टा नाका भएर १२ करोड ९६ लाख रुपैयाँ मूल्य बराबरको २ हजार ७ सय मेट्रिक टन अदुवा निकासी भएको छ । जुन परिमाण अघिल्लो आर्थिक वर्ष २०७६/०७७ को तुलनामा न्यून हो । त्यो वर्ष १३ करोड ३० लाख ४ हजार वा ५ हजार २ सय १४ मेट्रिक टन अदुवा निर्यात भएको तथ्याङ्कमा उल्लेख छ ।

आर्थिक वर्ष २०७५/०७६मा नेपालले २२ करोड २८ लाख ३५ हजार रुपैयाँ मूल्य बराबरको ९ हजार ९ सय ४८ मेट्रिक टन अदुवा भारत निकासी गरेको थियो । आर्थिक वर्ष २०७४/०७५ मा यो नाका भएर ५६ करोड ८६ लाख २८ हजार रुपैयाँ मूल्य बराबरको २४ हजार २ सय ६८ मेट्रिक टन भारत र बंगलादेश निकासी भएको कार्यालयले जनाएको छ ।

यसले आर्थिक वर्ष २०७४/०७५देखि आर्थिक वर्ष २०७७/०७८ को चारवर्षको अवधिमा काँकरभिट्टा नाका भएर भारत निकासी हुने अदुवामा हरेक वर्ष गिरावट आएको पुष्टि हुन्छ । झण्डै डेढ वर्षअघिदेखि कोभिड १९ कारण नाका ठप्प हुँदा निर्यात व्यापार कम भएको नेपाली अधिकारीहरुको भनाइ छ ।

भारतीय पक्षको कहिले वस्तु तथा सेवा कर (जीएसटी), कहिले अदुवामा हानीकारक विषादिको मात्रा पाइएको भन्ने विभिन्न वहाना र अवरोधका कारण नेपाली अदुवा निकासीमा बारम्बारको समस्या त, कहिले नेपाल सरकारले अदुवा निर्यातका लागि जिल्ला कृषि कार्यालयको सिफारिस अनिवार्य गरेका कारण पूर्वी नाका हुँदै भारत निकासी हुने अदुवा हरेक वर्ष ओरालो लाग्ने गरेको व्यवसायीहरुको गुनासो छ ।

पूर्वी पहाड संखुवासभा, भोजपुर, तेह्रथुम, धनकुटा, इलाम, पाँचथर, ताप्लेजुङ लगायत जिल्लामा व्यावसायिक अदुवा खेती हुने गरेको छ । अदुवा झापासहित ताप्लेजुङ, पाँचथर, इलामलगायत पूर्वी पहाडी जिल्लाहरुवाट संकलन गरी भारत तथा बंगलादेश निकासी हुने व्यवसायीहरुको भनाइ छ । नेपालमा उत्पादन भए मध्येको ८० प्रतिशत अदुवा भारतीय बजारमा खपत हुने गरेको छ । त्यसको सबैभन्दा बढी हिस्सा ३१ प्रतिशत पूर्वका जिल्लामा



मात्र उत्पादन हुन्छ । नेपालको नगदे बालीहरुमध्ये अदुवा अलैचीपछि सर्वाधिक विदेश निर्यात हुने कृषि उत्पादन हो । मेचीका चार जिल्लामा वार्षिक अन्दाजी ७०देखि ८० हजार मेट्रिक टनभन्दा वढी अदुवा उत्पादन हुने गरेको नेपाल अदुवा उत्पादक संघले जनाएको छ ।

भारतीय पक्षका विभिन्न वहाना र अवरोधका कारण नेपाली अदुवा निकासीमा वारम्वार समस्या हुनु तथा नेपाल सरकारले अदुवा निर्यातका लागि जिल्ला कृषि कार्यालयको सिफारिस अनिवार्य गरेका कारण पूर्वी नाका हुँदै भारत निकासी हरेक वर्ष ओरालो लाग्ने गरेको अनुमान व्यवसायीहरुको छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य एकरुपता नहुनु तथा नेपालमा हरेक वर्ष अदुवाको उत्पादन घट्नुले पनि निकासी ओरालो लागेको हुनसक्ने बताइन्छ ।

भारतले कृषिका लागि आत्मनिर्भर हुने लक्ष्यका साथ दक्षिणी भारतमा व्यवसायिक अदुवा खेती विस्तार गर्दै गएकाले माग घटेका कारण पनि निर्यात घटेको हुन सक्ने आशंका नेपाली कृषकको छ । कृषि विकास मन्त्रालयले अदुवा निर्यातमा देखिएको समस्या दीर्घकालीन रुपमा समाधान गर्न मन्त्रालयका उपसचिव प्रद्युम्नराज पाण्डेको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरेको थियो । कृषि विभाग, कृषि उद्यम केन्द्र, बाणिज्य विभागका प्रतिनिधि व्यवसायीका प्रतिनिधि समितिमा सहभागी थिए ।

टोलीले झापाको काँकरभिट्टा, बिराटनगर, भैरहवा, नेपालगञ्जलगायतका नाका क्षेत्रमा अध्ययन समेत गरेको सरकारी अधिकारीहरुको भनाइ छ । नेपाल संसारमा चीन र भारतपछि तेस्रो ठूलो अदुवा उत्पादक मुलुक हो । आन्तरिक खपतपछि लगभग सबै अदुवा भारत तथा बंगलादेश निर्यात हुँदै आएको छ ।

भारतीय भन्सारले नेपाली अदुवामा वस्तु तथा सेवा कर (जीएसटी) लागू गर्न खोजेपछि पूर्वी नाका हुँदै भारत निकासी हुने ठूलो परिमाणको अदुवा एकसातासम्म सीमामा रोकिनु परेको थियो । जीएसटीका कारण अदुवा निकासीमा अबरोध भएपछि करोडौं मूल्यको अदुवा सडेको व्यापारीले बताएका छन् ।

व्यवसायीका अनुसार अदुवाको निर्यात ठप्प भएका कारण मेची भन्सार परिसरमा अदुवा लोड भएका दर्जनौ मालवाहक ट्रक हप्तौंसम्म थन्किएका थिए । यसअघि नेपालबाट निकासी भएको अदुवामा 'एल्डिकार्ड' नामक घातक विषादि फेला परेको भन्दै भारतीय भन्सारले करिव तीन साता निकासी अवरुद्ध समेत गरेको थियो । भारतको खाद्य विभागले नेपाली अदुवामा हानीकारक विषादिको मात्रा पाइएको भन्दै नेपाली अदुवाको भारत निर्यातमा प्रतिबन्ध लगाएको भएपनि परीक्षणका लागि भारत लगिएको नमूनामा कुनै पनि प्रकारको विषादि र मानव स्वास्थ्यमा असर पर्ने वस्तु फेला नपरेपछि भारतीय पक्षले निर्यात खुला गरेको थियो ।

नमूना जाँचका लागि १० क्विन्टल अदुवा भारत लगिएको थियो, नमूना परीक्षणका लागि माग गरेपछि अदुवा पठाइएको हो । भारतको कोलकातास्थित खाद्य प्रयोगशालाले नेपाली अदुवामा कुनै विषादि नमिसिएको प्रतिवेदन दिएपछिमात्र निकासी खुला भएको थियो । भारतले नेपाली अदुवामा 'एल्डिकार्ड' नामक प्रतिबन्धित विषादि फेला परेको भन्दै 'भारतीय बजारमा प्रवेश नदिन' आफ्ना सबै भन्सार कार्यालयलाई परिपत्र गरेको थियो । यही परिपत्रका आधारमा करिब दुई सातासम्म कुनै पनि भन्सार नाकाबाट अदुवा भारत छिर्न पाएको थिएन ।

भारतले नेपाली अदुवाको क्वारेन्टाइन परीक्षण तीन ठाउँमा गर्दै आएको छ कलकत्ता, पटना र लखनउ । नेपाली अदुवा राम्रो गुणस्तरको मानिन्छ । कुनै बेला भारतीय कृषिविज्ञ टोली नेपाल आएर यहाँ उत्पादन हुने अदुवालाई 'उच्च गुणस्तरको' भनी प्रशंसा गरेको थियो । दक्षिण भारतको कर्नाटकमा अदुवा उत्पादन बढेपछि भने परिस्थिति फेरिएको छ ।

भारतले नेपाली अदुवाको निर्यातमा लगाएको प्रतिबन्धका कारण आर्थिक व्ययभार खेप्न बाध्य नेपाली कृषक र व्यवसायी राज्यले अदुवा निर्यातका लागि जिल्ला कृषि कार्यालयको सिफारिस अनिवार्य गरेका कारण पनि झन मारमा परेका थिए । भारतलाई नेपाली अदुवामा कुनै रोग छैन भन्न र यो नेपालमै उत्पादन भएको अदुवा भन्ने कुराको ग्यारेन्टी गर्न कृषि मन्त्रालयले अदुवा निकासीमा अनिवार्य सिफारिस लागू गरेको अदुवा व्यवसायीहरुको भनाइ छ ।

## इन्टरपोलबाट ...

गरेपछि संयुक्त अरब इमिरेट्स दुबईले सन् २०१० मे १०मा बैङ्किङ कसुर मुद्दामा उनको नाम र फोटोसहित इन्टरपोलको रेडसूचीमा राखी नेपाल सरकारलाई जानकारी गरायो । इन्टरपोल रेड सूचीमा उनको फोटो र पासपोर्टको फोटो एउटै छ । तर, नाम अलि तलमाथि भयो । रेड सूचीमा नाम्चू नाम चन्द्र लेखिएको छ । हुनुपर्ने नाम्चू हेमचन्द्र, जसले गर्दा उनी बचे । अहिले पनि उनको नाम इन्टरपोलको रेड सूचीमा यथावत् छ । रेड सूचीमा नाम परेपछि उनको वैदेशिक यात्रामा रोक लाग्ने भएपछि उनले त्यसबाट जोगिन दोहोरो नागरिकता बनाएका हुन् । सन् २०१२मा आएर बस्नेत भएर उनले अर्को नागरिकता बनाए । त्यसपछि उनी झापा र मोरङ बसेर विभिन्न व्यापार व्यवसाय गर्ने थाले । उनकी श्रीमतीले उनको ठगी र दुबईमा समेत विवाह गरेको कुरा थाह पाएपछि सन् २०१८मा उनीहरूको सम्बन्धविच्छेद भयो ।

अदालतमा उजुरी परेपछि उनले श्रीमतीलाई अंश समेत दिएका थिए । त्यसपछि उनी दमक आएर फेरि बस्न थालेका हुन् । उनले पुन: तेस्रो विवाह गरेका थिए । तेस्रो श्रीमतीको निधन भइसकेको छ । जब प्रहरीमा दोहोरो नागरिकता बारे उजुरी पर्‍यो, त्यतिञ्जेलसम्म उनको नाम इन्टरपोलको रेड सूचीमा रहेको कसैले थाहा नै पाएनन् । जसले गर्दा प्रहरी प्रतिवेदन पनि कमजोर बन्यो र अदालतले उसैको बयानको आधारमा मुद्दाको सुनवाइ गर्‍यो ।

**यस्तो छ अदालतको फैसला**

झापा जिल्ला अदालतका न्यायाधीश बिनोद खतिवडाको एकल इजलासले प्रतिवादी नाम्चूलाई १५ हजार जरिवाना र नागरिकता प्रमाणपत्र रद्द गर्ने अधिकार जिल्ला प्रशासन कार्यालय झापालाई दिने गरी फैसला सुनाएको छ ।

अदालतले गरेको फैसला अनुसार हेमचन्द्र नाम्चूको नामबाट लिएको नेपाली नागरिकताको प्रमाणपत्र निज प्रतिवादीलाई जन्म दिने आमा जानुकाले ११ महिनाको बालक हुँदाको अवस्थामा पहिलेको पति अर्थात् प्रतिवादीको पिता मोहन बस्नेतलाई छाडी लाक्पा छिरिङ नाम्चूसँग दोस्रो विवाह गरी प्रतिवादीले सोही घरमा पालनपोषण, शिक्षादीक्षा पाई लाक्पा छिरिङ नाम्चूले बुबाको नाताबाट नेपाली नागरिकताको प्रमाणपत्र बनाएको देखिन्छ भने दोस्रो नाम्चूले आफ्नो वास्तविक पिता मोहन बस्नेतको नामबाट काका दीपककुमार बस्नेतले सनाखत गरी करणसिंह बस्नेतको नामबाट वंशजको आधारमा जिल्ला प्रशासन कार्यालय झापाबाट नागरिकता प्रमाणपत्र बनाएको देखिँदा प्रतिवादीले यस्तो अवस्था र परिस्थितिमा दोहोरो नागरिकताको प्रमाणपत्र बनाएको कार्यलाई झुट्टा वा किर्ते प्रमाण खडा गरेको भन्न मिल्ने देखिएन ।

प्रतिवादीले अदालतमा दिएको बयान र निज प्रतिवादीलाई जन्म दिने आमाले अदालतमा आई गरेको बकपत्रबाट प्रतिवादीले पहिलो नागरिकताको प्रमाणपत्र बाल्यकालदेखि पालन पोषण गर्ने, शिक्षादीक्षा दिने बुबाको नामबाट र दोस्रो आमाले दिएको जानकारीका आधारमा वास्तविक वंश तथा पिताको खोजी गर्ने क्रममा वास्तविक पिता मोहन बस्नेतको मृत्यु भई काका दीपककुमारले सनाखत गरी वंशजका आधारमा नागरिकता प्रमाणपत्र लिएको देखिन्छ ।

प्रतिवादीले कुनै गलत कार्य प्रयोजनका लागि तथा अन्य अभीष्ट पूरा गर्नका लागि दोस्रो नागरिकताको प्रमाणपत्र लिएको मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन । वास्तविक पिता वंशज फेला परेपछि पहिले लिएको नागरिकता सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा फिर्ता बुझाउनु पर्ने वा त्यस्तो नागरिकताको प्रमाणपत्र रद्द वा बदर भएपछि मात्र प्रतिवादीले दोस्रो नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्नेमा त्यसतर्फ कुनै निर्णय वा जानकारी समेत नगराई प्रतिवादीले काकाको सनाखतबाट दोस्रो नागरिकता लिएको देखियो ।

कुनै पनि नेपाली नागरिकले कानून बमोजिम एउटा मात्र नेपाली नागरिकताको प्रमाणपत्र बनाउन वा प्राप्त गर्न सक्ने र अभियोग माग दाबी बमोजिम नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने अधिकार सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई रहेको सन्दर्भमा फैसलाको जानकारी प्रशासन कार्यालय झापालाई दिनुपर्ने देखियो । आधार प्रमाणबाट प्रतिवादीलाई अभियोग माग दाबी बमोजिमको नेपाल नागरिकता ऐन २०६३ को दफा १३को कसुरमा ऐनको दफा २१ को उपदफा (५) बमोजिम १५ हजार जरिवाना हुने ठहर्छ । आरोपित कसुरमा नेपाल नागरिकता ऐन, २०६३को दफा २१(३) बमोजिम प्रतिवादीलाई सजाय गरी पाऊँ भन्नेसम्म बादी नेपाल सरकारको दाबी पुग्न सक्दैन ।

फैसलाको जानकारी जिल्ला प्रशासन कार्यालय झापालाई दिनु र सोही ठहर्नाले अरूमा तपसिल लेखिए बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता २०७४को दफा १३१ बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिए । अदालतले २०७८ साल असार ३० गते गरेको फैसलाको प्रमाणीकरण २०७८ साउन १५ गते गरेको देखिन्छ ।

**के भन्छन् प्रजिअ तिमिल्सिना ?**

दोहोरो नेपाली नागरिकता लिएको विषयमा झापा जिल्ला अदालतले गरेको फैसला आफूले हेर्न बाँकी रहेको झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताएका छन् । अदालतको फैसला पत्र प्रशासन कार्यालयको मुद्दा फाँटमा आइपुगेको छ कि छैन ? त्यो हेर्छु- उनले भने । दोहोरो नेपाली नागरिकता लिएको व्यक्तिको कुन चाहिँ नागरिकता खारेज हुन्छ भन्ने जिज्ञासामा प्रजिअ तिमिल्सिानले भने- 'नागरिकता ऐन बमोजिम दोस्रो नागरिकता स्वत: खारेज हुन्छ, तर अदालतले कस्तो फैसला गरेको छ, त्यसमा पनि भर पर्छ ।'

## सरकारको ...

हुने विकिरणयुक्त पदार्थ, हरित गृह, जलवायु प्रदुषण अदिका कारण तापमान वृद्धि भई मानवसामु विनाशकारी डढेलो, उष्णवायु, आंधी, तुफान, चक्रवात, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, डुवान, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपदको जोखिम अन्त्यका लागि अन्तर्राष्ट्रिय रूपमा सहकार्य गर्ने समेत कार्यक्रममा समावेश गरिएको छ ।

गठबन्धन कार्यदलका संयोजक तथा नेपाली कांग्रेसका महामन्त्री पूर्णबहादुर खड्काले साझा नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् । पाँच दलीय गठबन्धनद्वारा सरकार सञ्चालनमा सघाउन नेपाली कांग्रेसका महामन्त्री पूर्णबहादुर खड्काको संयोजकत्वमा सोही दलका नेताद्वय मीनेन्द्र रिजाल र रमेश लेखक, नेकपा (माओवादी केन्द्र) बाट वर्षमान पुन र देव गुरुङ, जनता समाजवादी पार्टीबाट महेन्द्रराय यादव र राजेन्द्र श्रेष्ठ रहेको कार्यदल गठन गरिएको थियो ।







**कनकाई बहुमुखी क्याम्पस**
कनकाई नगरपालिका, सुरुङ्गा, झापाको
मिति : २०७८/०४/२५

**कर्मचारी आवश्यकता**

यस क्याम्पसका लागि लेखा अधिकृत कर्मचारीको आवश्यकता परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली व्यक्तिबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | उमेर | सेवा | सेवा सुविधा | कार्य सत्र |
|---|---|---|---|---|---|---|---|
| १. | लेखा अधिकृत (प्रशासन समेत) | १ जना | मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण | ३५ वर्ष ननाघेको | करार | क्याम्पसको नियमानुसार | बिहानी |

**पेश गर्नुपर्ने कागजातहरु** : शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव तथा तालिमका प्रमाणपत्र भए प्रतिलिपि संलग्न राख्नुपर्ने ।
**छनौट प्रक्रिया** : लिखित परीक्षा १०० पूर्णाङ्क, अन्तरवार्ता ५० पूर्णाङ्क र कम्प्यूटर प्रयोगात्मक परीक्षा ५० पूर्णाङ्क
**निवेदन दिने अन्तिम मिति** : २०७८ साल भाद्र ०७ गते सोमबार बिहान १०:०० बजेसम्म
**सम्पर्क मिति** : २०७८/०५/०८ (परीक्षा मिति सम्पर्क मितिमा तोकिनेछ ।)
**आवेदन दस्तुर** : रु.१०००/-
नोट : लिखित परीक्षाको पाठयक्रम क्याम्पसमा उपलब्ध हुनेछ ।
**थप जानकारीका लागि सम्पर्क : ०२३-५५२१५३, ०२३-५५२८५३ (कार्यालय समयमा), ९८४२७८६४१६ (क्याम्पस प्रमुख)**

**क्याम्पस प्रमुख**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय


# कोरोना ! कोरोना र कोरोना !!

भौतिक विकासले आकाश छोएका हुन् वा पछि–पछि दौडिने विश्वका सबै देशका लागि कोरोना महाआतंक बनिएको छ । झण्डै दुई वर्षदेखि त्रासदी बनेको यसको कहरविरूद्ध खोप लगाउन थालेको पनि निकै भयो । तर, यसले बिसाउने सुरसार गरेको छैन । समृद्ध मुलुकलाई समेत कायल बनाउने कोरोना महामारीबाट नेपाल पनि आक्रान्त छ । दश हजारभन्दा बढी नेपालीको जीवन खोसेको यसको पीडा ढीलो– चाँडो सबैले व्यहोर्नु पर्ने देखिँदैछ । कोरोनाजन्य कहरको प्रभावकारी प्रतिरोध सुरक्षाको मापदण्डको पालना नै हो । त्यही कारण विश्व स्वास्थ्य संगठनले मास्कको अनिवार्य प्रयोगमा जोड दिएको छ । यसका साथै एकअर्काबीच दुई मिटरको दूरी बनाउन, हातको नियमित सरसफाई गर्न आग्रह गरिएको छ ।

बिगत डेढ वर्षदेखि नेपाली जीवन पनि अस्तव्यस्त छ । बन्दव्यापार, उद्योगधन्दा, कलकारखाना, कार्यालयहरू, शिक्षण संस्था लगायत देशको जीवन सञ्चार गर्ने वित्तीय क्षेत्रहरू समेत पूर्णतः प्रभावित भएका छन् । विश्वविद्यालयदेखि विद्यालयसम्मका नियमित कार्यक्रम ठप्प छन् । दिनहुँ काम गरेर खानुपर्ने वर्ग जीवन रक्षाकै सङ्कट भोग्दैछ । सरकार राजनीतिक स्वार्थको खेलमै रमायो जसका कारण परिस्थिति झन् संक्रामक बनियो । बन्दाबन्दी, निषेधाज्ञा जस्ता हतियारले पनि अपेक्षित परिणाम दिन सकेन । यसबीच सत्ता परिवर्तन भएको छ । खोपलाई पहिलो प्राथमिकतामा राखेर खोप कार्यक्रम निरन्तर सञ्चालन पनि हुन थालेको छ । तर, आमनागरिकका तर्फबाट आवश्यक सजगता अपनाउन छाडेको शहर बजारका भीडभाड र सवारीको चापले प्रमाणित गर्दैछ । यसकै परिणाम प्रत्येक दिन संक्रमण बढ्दो क्रममा छ । जोखिम उच्च हुँदैछ र स्वास्थ्य सेवा असहज हुने परिस्थिति देखिन थालेको छ ।

नयाँ सरकारले खोप नियमित गर्दै विगतका कमजोरी सच्याउन थालेको छ । खोप कार्यक्रम व्यवस्थित हुन खोज्दैछ । यद्यपि निषेधाज्ञा जारी छ । तर, मानिसको स्वच्छन्द गतिविधि पूर्ववत् छ । अनेक वहाना देखाएर प्रहरीको आँखा छल्नुपर्छ भन्ने मानसिकताले आवागमन रोकिएको छैन । कतिले अत्यावश्यकीय सेवाको पोस्टर, स्टिकर टाँसेर त कतिले झुटो काम देखाएर स्वास्थ्य सुरक्षा मापदण्ड विपरीत जोखिम बढाइरहेका छन् । स्वयम्को चेतना जागृत नहुञ्जेलसम्म अनुशासन कायम गर्न सकिँदैन । अनुशासन कायम नहुञ्जेल कोरोना कहरबाट त्राण पाइँदैन । यसैले सरकारले स्थानीय सरकार, प्रहरी र प्रशासनसँग समन्वय गरेर निषेधाज्ञालाई कठोर ढङ्गले कार्यान्वयन गर्दै खोप कार्यक्रमलाई अझै तीव्र बनाउनु पर्छ । अनि मात्र विद्यमान कोरोना, कोरोना र कोरोनाको चपेटाबाट नागरिक र देशलाई मुक्त गर्न सकिन्छ ।

सामाजिक सञ्जाल



हिँड्ने बाटो र पुग्ने गन्तव्य सबैको एउटै चाहे खाली खुट्टा हिँड्नुहोस् या जुत्ता लाएर केही फरक पर्दैन बस् हिँड्ने सोच र पुग्ने गन्तव्य चाहिँ सही ढंगले तय भएको हुनुपर्छ !

– सरी



पाइँला चलुन नचलुन मन र हिम्मत चंगा राख्नुस् बाटो कहाँ सकिन्छ र जिन्दगीको यात्रामा कुनै दिन खराब समयको सामना गर्नुपर्‍यो भने यति सम्झिनुस कि त्यो दिन खराब हो जिबन होइन हरेक मान्छे गल्ती नहोस् भन्ने सदैब चाहान्छ तर मान्छे न हो अछुतो को नै छ र

– सानी

# तुइन नियती : तुइन वास्तविकता



पेशल आचार्य

महाकाली नदीमा टाँगिएको तुइनबाट महाकाली नदी तर्दै गरेका जयसिँह धामी पारिपट्टि पुग्न एक मिटर बाँकी रहेका बेला भारतीय सीमा सुरक्षा बल ( एसएस्बी)ले तुइनको डोरी काटिदिँदा धामी महाकाली नदीमा झरेर बेपत्ता भएका छन् । यी हरफहरू लेखिँदासम्म उनको जीउ ज्यानबारे कुनै टुङ्गो लागेको छैन । भनाइको तात्पर्य उनी बर्खामासको उर्लंदो महाकालीमा बगेर मरिसकेका छन् । एउटा गरीब नेपालीको छोरो बैँसमै बितेको छ । यसमाथि आश्रित परिवारका सदस्यहरू सबै बेसहारा बनेका छन् । घटना सानो जस्तो देखिए पनि यसका प्रभावहरू अनन्त हुन्छन् ।

औपचारिकता पुष्टि हुन मात्र बाँकी छ । उनको सासको अब परिवारलाई कुनै आस छैन । पत्नी, छोराछोरी र बाबुआमालाई रुवाएर उनी परमधाम गइसकेका छन् । गएको ओली सरकारले उसको पहिलो वर्षको नीति तथा कार्यक्रम संसदमा पढ्दा जोश जाँगरका साथ गर्वले फुलेल भई देशैभरिबाट तुइन विस्थापित गर्ने भनेका प्रधानमन्त्री ओली यतिखेर देशमा प्रमुख प्रतिपक्षी दलका नेता भएका छन् । उनी सुनिरहेका छन् तर सुनेर पनि बुझ पचाइरहेका होलान् कि यहाँ बर्खामासका नदीहरूमा त्यसरी अनधिकृत रुपमा टाँगिएका तुइनहरूबाट झरेर वर्षेनि केही दर्जन नेपालीहरूको असामयिक मृत्यु हुने गर्दछ ।

गत असार यता मुलुकमा बाढीपहिरो र डुबानका कारण साउनको दोस्रो हप्तासम्म करिब ६१ जना मानिसले ज्यान गुमाइसकेका छन् । यो क्रम अझ बढ्ने निश्चित छ । देशैभरि यो वर्ष औशतभन्दा बढी वर्षा भएको छ । बाह्र वर्षदेखि कहिल्यै मूल नफुटेका देशैभरिका कतिपय ठाउँहरूमा पानीका मूल फुटेका छन् । सिन्धुपाल्चोकको बाह्रबिसे र मेलाम्चीमा मात्र यो वर्षको बाढी पहिरोले अरबौं-खरबौं रुपैयाँको क्षति भइसकेको छ । मनाङ, गोर्खा, कास्की, सिन्धुपाल्चोक र चितवनमा उल्लेख्य मात्रामा क्षति भएको छ भने देशैभरि करिब ४० वटा पक्की पुलहरूमा क्षति पुगेको बताइएको छ । कैयौं झोलुङ्गे पुलहरू बगाएको छ भने हजारौं रोपनी खेतीयोग्य जमिन पहिरो र बाढीको लेदोका कारण काम नलाग्ने बनेका छन् । हजारौं नेपालीको गाँस र बास खोसिएको छ ।

देशमा कोरोनाको लेस्रो लहर आउने हल्लाले जनतामा एक प्रकारको भय र त्रासको वातावरण छाएको छ । गत आइतबार स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठले स्वास्थ्य मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै त्रिविले सञ्चालन गरिरहेको परीक्षा र साउन ३१ गतेबाट हुने भनिएको कक्षा १२ को परीक्षा समेत रोकिने सङ्केत गरेका छन् । परीक्षालाई आन्तरिक मूल्याङ्कनबाट वा अन्य वैकल्पिक विधि प्रयोग गरेर लिनुपर्ने कुरा उनले गरेपछि प्रश्नपत्र निर्माण गरेर परीक्षाका लागि तम्तयार भएर रहेको शिक्षा मन्त्रालय तथा परीक्षा नियन्त्रण कार्यालयमा एकाएक अन्योलता छाएको छ ।



सिसीएमसीको निर्देशनमा क्याबिनेट निर्णयबाट परीक्षा रोकिने प्रावधान रहेको छ । विगतमा पनि त्यस्तै हुन्थ्यो । अहिले विद्यालय स्तर र विश्वविद्यालय स्तरका पढाइहरू सबै अनलाइन प्रविधिमा धमाधम भइरहेका छन् । कतिपयले यो प्रक्रियालाई बोर्डिङका विद्यार्थीहरू अनलाइनमा सरकारीका माछा मार्ने, गाईबाख्रा हेर्ने, खेतीपातीमा सघाउने र स-साना व्यवहारका काम धन्दामा भुलेकाले पढ्न बिर्सिरहेका छन् भनेर व्यंग्य समेत गरेको पाइन्छ । तर, कुरो सबै त्यसो होइन नेपालमा अहिले सरकारी सामुदायिक माध्यमिक विद्यालयहरूले समेत आफ्ना स्तर सुधारेर शैक्षिक, भौतिक र व्यवस्थापकीय परिवर्तनका कार्यहरू आमलाग्दो तौरतरिकाले गरिरहेका छन् । नेपाल टेलिकमले विद्यार्थी, शिक्षक र अभिभावकहरूका लागि स्थानीय गाउँपालिका र नगरपालिकाको सहयोगमा सियुजी सिमको व्यवस्था गरेको छ । अहिले कोभिडका कारण नेपालीहरू शैक्षिक, स्वास्थ्य, बैङ्किङ र प्रशासनिक क्षेत्रहरूमा समेत जसरीतसरी अघि बढिरहेको स्थिति छ ।

कोभिडका कारण देशको चौतर्फी क्षेत्र नै लथालिङ्ग भइसकेको छ । अहिले देशभित्र र देश बाहिर करिब १५ लाख नेपालीहरूले आफ्नो भए गरेको रोजगारीबाट हात धोइसकेका छन् । नयाँ रोजगारी उत्पन्न गर्न सक्ने क्षेत्रहरू नेपालमा बग्रेल्ती छैनन् । त्यसैले विगतको मध्यपश्चिम र सुदूरपश्चिम अहिलेको कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका नौजवानहरू महाकाली नदी तरेर भारतका विभिन्न सहरहरूमा सानोतिनो काम गर्न जाने गर्छन् । यो बेलामा नेपालीहरूले नेपालतिरका सुरक्षाकर्मीहरूबाट उति सारो सास्ती खेप्नु पर्दैन । तर, भारतीय पक्षमा खटिएका सुरक्षाकर्मीहरूबाट भने पशुवत् व्यवहारको सामना गर्नु परिरहेको छ । यो चेतनशील र स्वाभीमानी नेपालीका लागि ज्यादै दुःखको विषय हो । तर, यस्तो दुःखको कुरो उठाउने समेत नेपालीहरूका लागि मञ्च छैन ।

पत्रिपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनहरूले उठाइदिएनन् भने जयसिंह धामी जस्ताको मृत्यु कुकुर बिरालोको जस्तो हुन्छ । मान्छे मरेको हो कि कुकुर बिरालो मरेको हो केही अन्तर पाइँदैन । गणतन्त्रमा त्यस्तो हुनुहुँदैन । सबै नागरिकहरूको महत्व बराबरी हुन्छ र हुनुपर्छ । पत्रपत्रिकाहरूले लेखिरहे, खबरदारी गरिरहे र सरकारका कानमा पुग्यो भने मरेर जाने त गैगयो त्यसका बाँच्ने परिवारहरूले सरकारबाट वा ज्यादती गर्ने समन्धित पक्षबाट केही रकम क्षतिपूर्ति पाए भने त्यसले केही राहत हुनेछ भनेर पनि स-साना घटनाहरूलाई राज्यका चौथो अङ्ले बेवास्ता गर्नु हुँदैन ।

संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा हजारौं-हजार जयसिंह धामीहरू जस्ताले आफ्नो रगत र पसिनाको बलिदान दिएर यो परिवर्तन आएको हो । अहिले यही परिवर्तन संस्थागत हुने लागिरहेको छ । तसर्थ वाद, विवाद, प्रतिवा र आफू अनुकूलका संवाद मात्र नहेरी जनताको ज्यूज्यानको समेत खबरदारी पत्रकारहरू र पत्रकारिताले गरिरहनु पर्छ । त्यसैले यसलाई राज्यको स्थायी प्रतिपक्ष समेत भनिएको हो । अब आइन्दा देशबाट कागजमा मात्र होइन भूगोलमै तुइन विस्थापित होओस् र नेपालीको तुइन नियतिको शीघ्रातिशीघ्र अन्त्य होस् । गएको सरकार धेरै गफ गर्ने थियो ।

अहिलेको सरकार गफै गर्न नजान्ने वा गफ हाँक्न नसक्ने विशेषताको छ । तर, जनतालाई यसमा लिनुदिनु केही पनि छैन । मात्र जनताको जनधनको सुरक्षा सरकारले गर्नुपर्छ । बोलीमा त सरकार होला, तर कार्यरुपमा नेपालमा सरकार हराएको दशकौंदशक भइसक्यो भन्दा आफैँलाई लाजलाग्दो महशुस हुन्छ । यो ऊ भन्दा पनि दूर्गम भेगमा बसोबास गर्ने नेपालीहरूले अहिले तुइन विस्थानको आसा गरेका छन् । चुनावका लागि गठन भएको शेरबहादुर देउवाको सरकारले त्यतातर्फ चाँडो ध्यान देओस् । सरकारलाई यी र यस्ता झीनामसिना, तर जनताको ज्यूधनसँग सम्बन्धित कार्यहरू गर्न मन लागोस् ।

# बालबालिकाका आँखा जोगाउने उपायहरू



डा. वसन्त पौडेल

आजको युग डिजिटल युग हो । डिजिटल युगसँगै दिनदिनै नयाँ नयाँ प्रविधिहरू विकसित भइरहेका छन्- मोबाइल, कम्प्युटर, ल्यापटप, टेलिभिजन, ट्याबलेट आदि । इन्टरनेटको बढ्दो विकाससँगै यसको प्रयोग पनि दिनानुदिन बढ्दो छ । गाउँ होस् या शहर, बालबालिका, युवा हुन् या पाको उमेरका, देशमा होस् या विदेश संसार एउटै छाना भइसकेको छ ।

प्रविधिको विकाससँगै विकृति र विनास पनि बढिरहेको छ । सामाजिक सञ्जालको बढ्दो प्रयोग, कोरोना भाइरसको माहमारीसँगै कार्यालयको काम घरबाट (work form home), अनलाइन पठनपाठन लगायतका कारणले गर्दा यसको प्रयोग दिनानुदिन बढ्दो छ । अविभावकहरूले आफ्नो व्यस्तताको कारणले साना-साना बालबालिकाको हातमा मोबाइल वा ल्यापटप दिने गरेका हुन्छन् भने कतिपय अभिभावक एकातिर बच्चाहरूलाई यस्ता सामग्री दिएर अर्कोतिर घण्टौंसम्म सोसल मिडियामा व्यस्त हुने गरेको पाइन्छ ।

हामीले फुर्सद मिल्यो कि सामाजिक सञ्जालमा जतिपनि समय कटाइदिन सक्छौं । दिन होस् या रात, धेरै समयसम्म मोबाइलमा गेम खेलिरहने, चाहिने नचाहिने साइटहरू हेर्ने, घण्टौंसम्म युट्यबमा भिडियोहरू हेर्ने जस्ता बानीको विकास भइरहेको पाइन्छ, युवा पुस्तामा ।

आजभोलि साना-साना बालबालिका रोए वा खाना खान मानेनन् भने मोबाइल/ल्यापटप देखाएर मनाउने वा खाना खुवाउने गरिन्छ । यो खराब बानी बालबालिकाहरूले सानै उमेरबाट नै आफ्ना अभिभावक मार्फत् सिकिरहेका हुन्छन् । जसको कारण लामो समयसम्म बच्चाहरूको बानी नै मोबाइल/ल्यापटप चलाउने भइसकेको हुन्छ । यसको सबैभन्दा बढी असर बच्चाको आँखा, दिमाग र व्यक्तित्व विकासमा समेत पर्छ । जस्तै :

- सानो-सानो कुरामा रुने-कराउने वा छिटो-छिटो रिसाउने ।
- मोबाइलबिना एक ठाउँमा शान्तसँग बस्न नसक्ने वा रिसाइ रहने ।
- पढाइ/लेखाइमा ध्यान नदिने, सानो सानो कुरामा झगडा गरिरहने ।
- परिवारका सदस्यसँग कुराकानी गर्न नचाहने, तर एकान्तमा बस्न मन पराउने ।
- कोही आफन्त इष्टभित्र कसैको मतलब नगर्ने इत्यादि ।

**कम्प्युटर, ल्यापटप, मोबाइल लगायतका उपकरणले आँखामा के–कस्ता असर गर्छन् ?**

कम्प्युटर, मोबाइल, टेलिभिजन लगायतका उपकरणकले आँखामा तत्कालीन तथा दीर्घकालीन असर गर्छ ।

**तत्कालीन असरहरु :** आँखा पोल्ने, बिझाउने, टाउको दुख्ने, आँखाबाट आँशु आउने, आँखा रमरम हुने, निद्रा लागे जस्तो हुने, थकान महशुस हुने, छिटो-छिटो रिस उठने लगायतका समस्या हुन्छन् ।

**दीर्घकालीन असरहरू :** आँखाको पावर कम हुँदै जाने, आँखा एकदम सुख्खा हुने, आँखा सधैँ रातो भइरहने, मन्द मन्द टाउको दुख्ने, आँखामा मासु पलाउने, आँखाको नानी तथा रेटिनामा असर पर्दछ । लगातार कम्प्युटर तथा मोबाइल चलाउँदा आँखालाई बल पर्छ । लगातार एकोहोरो रुपमा कम्प्युटर तथा मोबाइल चलाउँदा आँखामा भएको आँसुको तह उडेर जान्छ । आँखामा भएको आँशुको तह उडेर गएपछि आँखाको नानीमा असर पुग्छ ।

**बालबालिकाहरूमा आँखाको समस्या कसरी पत्ता लगाउने ?**

बालबालिकाहरूको बढी समय नजिकको काममा नै बित्ने भएकाले आँखाको समस्या छ कि छैन भनेर पत्ता लगाउन सबैभन्दा गाह्रो हुन्छ । त्यसैले अभिभावकहरूले निम्न कुराहरूमा ध्यान दिन सके आफ्ना बालबालिकामा आँखामा समस्या छ छैन सजिलै पत्ता लगाउन सकिन्छ ।

- मोबाइल वा टिभी धेरै नजिकबाट हेर्ने ।
- थोरै टाढाको खेलौना, सामान वा मानिस चिन्नको लागि आँखा सानो पारेर हेर्ने वा घाँटी टेढो गरेर हेर्ने ।
- आँखा धेरै झिम्काउने वा आँखा धेरै माँड्ने ।
- पढ्न/लेख्न बसेको बेलामा टाउको दुख्ने वा आँखाबाट आँशु आउने ।
- टेढो आँखा हुनु ।
- अस्वभाविक रुपमा कुनै वस्तु धेरै नजिक ल्याएर हेर्नु आदि ।

आँखाको समस्याबाट बालबालिकाहरूलाई बचाउन धेरै महत्वपूर्ण छ । यस्ता समस्या शुरु भएमा र समयमै सावधानी नअपनाइएमा दिनदिनै बच्चाको आँखा कमजोर हुँदै जान्छन् । जसको कारण बच्चाहरूमा दृष्टिदोष हुने र आँखा टेढो हुने सम्भावना हुन सक्छ । यसले गर्दा बच्चाको पढाइ/लेखाइका साथसाथै मानसिक विकास, व्यक्तित्व विकास, समाजिक विकासमा पनि नकारात्मक असर पर्ने र भविष्यमा कुनै काम गर्दा आत्मबल कमजोर हुने हुन्छ । जसले परिवार र समाजमा नकारात्मक असर पार्न सक्ने सम्भावना हुन सक्छ ।

**समाधानका उपायहरू :**

- बन्द कोठाभन्दा बाहिरी वातावरण जस्तै खुल्ला चौर, बगैंचा, घरको आँगन, छत, उज्यालो घाम आउने ठाउँहरूमा बालबालिकाहरूलाई कम्तिमा दिनको दुई-तीन घण्टा खेल्न प्रोत्साहन गर्नुपर्दछ ।
- अध्याँरो कोठामा धेरै समयसम्म त्यस्ता सामानहरू नचलाउने, चलाउनै परे कोठाको बत्तीहरू बाली चलाउनु पर्दछ ।
- आँखाको नजिकै राखी नचलाउने, कम्तिमा पनि आँखावाट ५०/६० सेन्टिमिटरको दूरीमा राख्ने ।
- एकोहोरो हेरिरहँदा असर पर्ने हुँदा एकपटकको लागि बढीमा तीस मिनेटको समयसम्म प्रयोग गर्ने ।
- बेला-बेलामा आँखाको परेला झिम्काइरहने, साथै अलि टाढाको कुराहरू हेर्ने ।
- बेला-बेलामा आँखाको सरसफाइमा ध्यान दिने ।
- करिब ९० प्रतिशत मानिसमा आँखालाई सही तरिकाले सफा गर्न आउँदैन ।
- पानीमा आँखा डुबाउने वा आँखा पानीले पखाल्ने दुबै सफा गर्ने गलत तरिका हुन् ।
- आँखाको वरिपरि मात्र सफा गर्नुपर्छ । आँखाभित्रको सफाइ आँखा आफैंले गर्ने गर्छ ।
- सही तरिकाले आँखा सफा गरेमा पनि आँखाका धेरै समस्या आफैं हटेर जान्छन् ।
- आँखाको स्वास्थ्यका लागि प्रशस्त मात्रामा पानी पिउनुपर्दछ । हरियो सागसब्जी फलफूलको प्रशस्त सेवन गर्ने गर्नुपर्दछ ।
- जाँड, रक्सी, खैनी, सुर्ति, चुरोट जस्ता नशालु पदार्थ सेवन गर्नुहुँदैन ।
- ल्यावटप तथा कम्प्युटर ११५ डिग्रीको एङ्गलमा चलाउनुपर्छ ।
- कम्प्युटर, ल्यापटप, मोबाइल चलाउँदा समय समयमा बेस्सरी आँखा झिम्काउनुपर्छ ।
- २० मिनेटसम्म लगायतार यी उपकरण चलाएको छ भने २० सेकेण्डसम्म टाढा हेर्ने र २० सेकेण्ड आँखा बन्द गर्ने गर्नुपर्दछ ।
- आँखालाई धेरै बल तथा तनाव दिनुहुँदैन ।

**कुन अवस्थामा मानिसहरू चिकित्सकको परामर्शमा जान आवश्यक छ ?**

- आँखाको अवस्था थाहा पाउन हरेक छ/छ महिनामा नियमित आँखा परीक्षण गर्न आवश्यक हुन्छ ।
- कतिपय आँखाको समस्या थाह नै नपाइ हुने गर्दछन् । त्यसैले समय समयमा नियमित आँखा परीक्षण गरी चिकित्सको परामर्श लिनु पर्दछ ।
- बालबालिकाहरूलाई पहिलोपटक विद्यालय भर्ना गर्नुभन्दा पहिला आँखाको परीक्षण गराउनुपर्छ ।
- समयमै आँखाको परीक्षण गराएर भविष्यमा निम्तने आँखाको समस्याबाट बच्न सकिन्छ । त्यसैले समय-समयमा नियमित आफ्नो आँखा परीक्षण गराउनुपर्दछ ।

*(डा. पौडेल वरिष्ठ दृष्टि विशेषज्ञ हुन् ।*

# ट्राफिक प्रहरीद्वारा झापामा मास्क अभियान शुरु




**बिर्तामोड, साउन २४।** जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले मास्क अभियान शुरु गरेको छ।

सरकारले शनिबारदेखि मास्क अभियान शुरु गरेसँगै झापामा पनि मास्क अभियान शुरु गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक निशेष चापागाईले जानकारी दिए।

कोरोना भाइरसको संक्रमण बढ्न थालेको भन्दै सरकारले २९ गतेसम्म मास्क अभियान शुरु गरेको हो। कोरोनाभाइरसको संक्रमण रोकथामका लागि मास्कको महत्व बुझाउन अभियान शुरु गरेको पहरी निरीक्षक चापागाईले बताए। अभियानमा मास्क लगाउनुको महत्व बुझाइने र मास्क सही प्रयोग भए नभएको अनुगमन गरिने बताइएको छ।

अत्यन्त आवश्यक परेको बेला मात्र बाहिर निस्कन र निस्कनुअघि नाक, मुख राम्रोसँग छोप्ने गरी मास्क लगाउन सबैमा आग्रह गर्दै ट्राफिक प्रहरी निरीक्षक चापागाईले भौतिक दूरी कायम गर्न, बेलाबेलामा साबनुपानीले हात धुन र स्वास्थ्य सम्बन्धी मापदण्ड प्रयोग गर्न सबैमा आग्रह समेत गेका छन्।

अभियान अन्तर्गत आइतबार बिर्तामोडस्थित पश्चिम बस स्टेण्ड छेउमा गरिएको कार्यक्रममा ट्राफिक प्रहरीले तपाईको मास्क खै ?, मास्क सही तरिकाले लगाउनुभयो ?, हिँड्डुल गर्दा मास्क लगाऔं। लगायतका प्लेकार्ड र ब्यानरसहित सचेतनामूलक कार्यक्रम गरेका थिए।

कार्यक्रममा सुन्दर सामुदायिक प्रहरी सेवा केन्द्र र इलाका प्रहरी कार्यालय अनारमनीको पनि सहभागिता रहेको थियो।

## 'द भ्वाइस अफ नेपाल ३'को उपाधि विजेता किरणले भने–

# 'जितेको रकममध्ये एक हजार आमालाई'

गायन रियालिटी शो 'द भ्वाइस अफ नेपाल ३'को उपाधि किरण गजमेरले जितेका छन्। उपाधिसँगै उनले नगद २५ लाख रुपैयाँ समेत प्राप्त गरेका छन्। किरण टीम प्रमोदबाट फाइनलमा प्रवेश गरेका थिए।

त्यसैगरी टीम राजुबाट बाग्लुङकी तारा श्रीष मगर, टीम दीपबाट दार्जिलिङका आर्यन तामाङ र टीम तृष्णाबाट ज्वाला राई फाइनलिस्ट भएका छन्। यी तीनै जना फाइनलिस्टले द भ्वाइसको ट्रफी पाएका छन्।

एक सातासम्म दर्शकले गरेको भोटका आधारमा यो निर्णय भएको हो। एसएमएस र अनलाइन मार्फत संसारभर रहेका नेपालीहरुले उनीहरुलाई भोट गरेका थिए। शनिबारको एपिसोडमा यी चारै जना प्रतिभाहरुले आफ्ना प्रस्तुतिहरु दिएका थिए।

किरण गजमेरले उपाधि जितेपछि आफूलाई विश्वभरबाट भोट गर्ने सबै नेपालीलाई धन्यवाद दिए। किरणले भने- 'म यो मायाको लागि सधैँ नै ऋणि भएको छु। मैले, अब नेपाली संगीतबाट केही लिनेभन्दा पनि केही दिने बेला आएको छ।'

टिम प्रमोदको प्रतिस्पर्धीले लगातार दोश्रो पटक नेपालकै नम्बर १ रियालिटी शोको टाइटल जितेका छन्। यसअघि पनि टिम प्रमोदबाटै राम लिम्बूले यो उपाधि जितेका थिए। यो रियालिटी शो हिमालय टीभीमा हरेक शुक्रबार र शनिबार बेलुकी ८ बजेबाट प्रसारण हुँदै आएको थियो।

यसैबीच 'द भ्वाइस अफ नेपाल सिजन-३' को उपाधि विजेता किरण गजमेरले शरणार्थी नागरिकका लागि दुई वटा एम्बुलेन्स सहयोग गर्ने बताएका छन्। उपाधिको छिनोफानो भएसँग उनले आफूले जितेको रकमबाट शरणार्थीका लागि दुई वटा एम्बुलेन्स सहयोग गर्ने बताएका हुन्।






विगतमा आफूले शरणार्थी जीवन बिताउँदा पाएको दुःखकष्ट सम्झँदै उनले उपचार नपाउँदा हजुरआमालाई गुमाएको भन्दै एम्बुलेन्स सहयोग गर्ने बताएका हुन्। उनले भने- 'हिजो चप्पल किन्ने अवस्था नहुँदा पनि म ठीक थिएँ, जितेको रकमले शरणार्थीका लागि एम्बुलेन्स सहयोग गर्छु।' उनले बिरामी भएका बेला एम्बुलेन्सलाई घण्टौं कुर्नु पर्ने बाध्यता रहेकाले धेरैले उपचार नपाउने गरेको पनि बताएका छन्।

विगतमा उपचार नपाएकै कारण आफूले हजुरआमालाई गुमाएको सम्झँदै उनले भनेका छन्- 'ट्रफी त लैजान्छु नै। जितेको २५ लाखमध्ये एक हजार रुपैयाँ आमालाई दिन्छु। अनि जितेको पैसाले दुई वटा एम्बुलेन्स सहयोग गर्छु र पैसा बाँकी रहे कोरोनाविरुद्धको खोप लगाउनबाट वञ्चित भएकाहरुलाई सहयोग गर्छु।' अमेरिका बस्दै आएका किरण झापाको खुदुनाबारीमा रहेको भुटानी शरणार्थी शिविरमा जन्मिएका हुन्।

# विद्यालयमा फलफूलका बिरुवा रोपिए




**कमल, साउन २४।** कारितास नेपालको सहयोगमा कमल गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालयमा फलफूलका बिरुवा रोपिएको छ।

कमल गाउँपालिकामा रहेको सामुदायिक विद्यालय मध्ये कारितास नेपालको प्रकोप न्यूनीकरण तथा भू-क्षय नियन्त्रण र हरियाली व्यवस्थापनको क्षेत्रभित्र परेका सात वटा विद्यालयको प्राङ्गण विभिन्न जानतका फलफूलका बिरुवा रोपिएको हो।

रोपिएका बिरुवाहरुमा आँप, लिची, काजु, कागती अम्बक लगायतका बिरुवाप्रति विद्यालय एक सय थानका दरले सात सय बिरुवा रोपिएको कारितास नेपालले जनाएको छ।

विद्यालय हाताभित्र रोपिएका फलफूल फल्ल थालेपछि सोहि विद्यालयमा अध्यायनरत् विध्यार्थीको खाजाको रुपमा प्रयोग गरिने ज्योति माध्यमिक विद्यालय कमल-२ का सहायक प्रध्यनाध्यापक नारायण बस्नेतले जानकारी दिए।

# खोटाङ समाज हङकङद्वारा स्वास्थ्य सामग्री सहयोग

**झापा, साउन २४।** खोटाङ समाज हङकङले खोटाङ जिल्लाका सबै स्थानीय तहलाई रु. नौ लाखभन्दा बढीको स्वास्थ्य सामग्री उपलब्ध गराएको छ।

विश्वभर फैलिएको कोभिड-१९ को महामारी रोकथाम तथा नियन्त्रणमा सहयोग पुऱ्याउन समाजले दुई नगरपालिका र आठ गाउँपालिकालाई शनिबार रु. नौ लाख ५२ हजार ५६ बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराएको हो।

खोटाङ प्राकृतिक प्रकोप सहयोग कोषको समन्वयमा खोटाङ समाज हङकङले चार थान अक्सिजन सिलिण्डर, स्यानिटाइजर स्प्रे, पिपिइ, फेसशिल्ड, पल्स अक्सोमिटर, थर्मलगन, गाउन, सर्जिकल ग्लोब्स, ह्याण्ड स्यानिटाइजर, स्ट्रेचर, ह्वीलचेयर लगायतका सामग्री उपलब्ध गराएको जनाइएको छ। जिल्लाका सबै स्थानीय तहमा पठाउने गरी समाजका सदस्य धर्मराज राईले जिल्ला समन्वय समिति खोटाङका प्रमुख एवम् अस्पताल विकास समितिका अध्यक्ष बबि चाम्लिङलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका छन्।

खोटाङमा जन्मिएर हाल हङकङमा बसिरहेका खोटाङेले स्थापना गरेका समाजको अगुवाइमा हङकङमा सञ्चालन गरिएको सहयोग अभियानका क्रममा जम्मा भएको रकमबाट काठमाडौँमा स्वास्थ्य सामग्री खरिद गरेर जिल्ला ल्याइएको समाजका सदस्य राईले बताए। समाजमा आबद्ध खोटाङेले आफ्नो मातृभूमिका लागि उपलब्ध गराएको स्वास्थ्य सामग्री जिल्लाका हरेक स्थानीय तहमा करिब रु. ९०/९० हजार बराबरको पुग्ने अनुमान गरिएको छ।

यसअघि खोटाङ सेवा समाज युके (बेलायत)ले जिल्ला अस्पताल खोटाङ र स्थानीय तहलाई दुई चरणमा स्वास्थ्य सामग्री उपलब्ध गराएको थियो। 'अक्सिजन पठाऔँ, आफन्तको ज्यान बचाऔँ' भन्ने नाराका साथ समाजले २४ लाख ६० हजार दुई सय रकमको स्वास्थ्य सामग्री उपलब्ध गराएको हो। पहिलो चरणमा थर्मलगन, कन्सन्ट्रेटर मेसिन, पल्स अक्सोमिटर, इन्ट्युवेशन सेट, अक्सिजन मास्क, सक्सन ट्युब, गाइड्लर एरवेज, थ्रीवएज अक्सिजन कारमेला र दोस्रो चरणमा पोर्टेबल एक्सरे मेसिन, प्यासेन मनिटर, स्टाण्ड माउन्टेड, एन्टिजेन टेस्ट कीट लगायतका स्वास्थ्य सामग्री उपलब्ध गराएको समाजका सदस्य जानुका राईले बताइन्।

समाजका अध्यक्ष डा. प्रमोद कोयी राईले भर्चुअल माध्यमबाट एक कार्यक्रम गरी खोटाङका प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्मा र जिल्ला स्वास्थ्य कार्यालय खोटाङका प्रमुख पुण्यप्रसाद सिग्देलको रोहबरमा जिल्ला कोभिड अस्पताल र स्थानीय तहलाई स्वास्थ्य स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन्।

# पाँच लाख मूल्य बराबरको ब्राउनसुगरसहित महिला पक्राउ

**भद्रपुर, साउन २४।** नेपालमा प्रतिबन्धित लागूऔषध ब्राउन सुगसहित सशस्त्र प्रहरीले दुई महिलालाई पक्राउ गरेको छ।

पक्राउपर्नेमा दमक-१ हिमाली चोक निवासी ३५ वर्षीया मञ्जु धिमाल र सोही ठाउका २५ वर्षीया विमला धिमाल रहेको सशस्त्र प्रहरी बल नेपाल २ नम्बर गण झापाका प्रहरी उपरीक्षक रमेशकुमार पाण्डेले जानकारी दिए। उनीहरूलाई एक सय ग्राम ब्राउन सुगरसहित सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट गौरीगञ्जको टोलीले पक्राउ गरेको हो।

बरामद गरिएको ब्राउन सुगरको बजार मूल्य करिब पाँच लाख मूल्य रहेको जनाइएको छ। गौरीगञ्ज-४ स्थित कदमगाछीमा भारतबाट नेपाल प्रवेश गर्दै गरेको अवस्थामा विओपी गौरीगञ्जको टोली उनीहरूमाथि शङ्का लागि चेकजाँच गर्दा ब्राउन सुगर फेला पारेको एसपी पाण्डेले बताए।

पक्राउ परेका दुबै जनालाई आवश्यक कारवाहीका लागि इलाका प्रहरी कार्यालय गौरीगञ्ज बुझाइसकेको जनाइएको छ।

# इटहरीमा बम फेला

**सुनसरी, साउन २४।** सुनसरीको इटहरी उपमहानगरपालिका-२ स्थित ग्राइभेल सडक सम्याउने क्रममा बम फेला परेको छ।

इटहरी-२ स्थित राजदेवी टोलको पेङदोर्जी मार्ग ग्राभेल गर्ने क्रममा ग्रिनेट बम फेला परेको सुनसरीका प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले जानकारी दिए।

बाटो मर्मत गर्ने क्रममा बम जस्तो सामग्री देखिएपछि स्थानीयबासीले प्रहरीलाई खबर गरेका थिए। फेला परेको ग्रिनेट बम नेपाली सेनाको टोलीले डिस्पोज गरेको सुनसरीका प्रहरी उपरीक्षक थापाले जानकारी दिए।

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।**

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**सटर भाडामा**

बिर्तामोड नगरपालिका-३ घैलाडुब्बा रोड बिर्ताबजार चोकमा खाली सटर भाडामा छ। व्यापारिक प्रयोजनमा रहेको उक्त सटर भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला।

मो. ९८१४०२७४६१, ९८४२६५४६३८

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।

सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**कर्मचारी आवश्यकता**

ग्रेट फ्युचर मार्ट कम्पनीलाई केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला।
पदः पीआरओ
संख्याः ८ जना (महिला/पुरुष)
योग्यताः +२ वा सो सरह
तलबः १३,६०० सम्म

सम्पर्कः G.F.M. कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340

नोटः सञ्चयकोष। यातायात। नास्ता। बोनसको व्यवस्था रहेको छ।

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला।
भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता।

विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** श्रम परे पनि लगनशीलताले विशेष उपलब्धि दिलाउनेछ। भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** पुरुषार्थी काम गर्दै लाभ उठाउन सकिनेछ। मिहिनेत गर्दा उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ। काम सम्पादन नभए पनि दिगो योजना बन्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनमा अध्यात्मभाव जागृत हुनाले परोपकारी काममा प्रवृत्त भइनेछ। तारिफयोग्य काम गर्दै कीर्तिमानी हातपार्ने समय छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** बिहान रमाइलो देखिए पनि दिउँसोतिर अस्वस्थताले काममा जुट्न नसकिएला। साथ दिनेहरू नहुँदा दुःख पाइनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** बाध्यताले अप्ठ्यारो पार्न सक्छ। सामान्य काममा धन र श्रम समेत खर्च हुनेछ। गोपनीयता भंग हुनाले समस्यामा परिनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** सहयोगीहरू पछि हट्नेछन् भने कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** दिन मनोरञ्जनपूर्ण र उत्साहवर्द्धक रहनेछ। व्यापार बढ्नेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** धन तथा ज्ञानको भण्डार बढ्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। प्रियजनसँग भेटघाट होला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आतिथ्यपूर्ण सम्मान प्राप्त होला। गृहस्थी यात्रा रमाइलो रहनेछ। आफन्तहरूको साथले नयाँ आशा जगाउनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** परिस्थितिवश सानोतिनो समस्याले अल्झाउन सक्छ। मिहिनेतीहरूका लागि भने समय उत्साहजनक नै रहनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** प्रतिस्पर्धामा विजयी भइनेछ भने ईष्या गर्नेहरूले हार खानेछन्। पराक्रमद्वारा अधिकार स्थापित हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला। बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ। ईष्या गर्नेहरूलाई मिहिनेतको पाठ सिकाउन सकिनेछ।